# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.स.: २०७७/०७८ आर्थिक विकास महाशाखा/ कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा
च.नं.:

### विषयः सूचना प्रकाशन गरिएको वारे ।
(प्रथम पटक प्रकाशित मिति २०७७/०९/०१)

भरतपुर महानगरपालीका आर्थिक विकाश महाशाखा, कृषि तथा पशुपंछी व्यावसाय प्रवर्धन शाखाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भरतपुर महानगरपालीका भित्र संचालन गरिने तपशिलका अनुदानका कार्यक्रमहरु कार्यान्वयनका लागी "भरतपुर महानगरपालीकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" मा तोकिएको मापदण्ड पुरा गरेका कृषक/कृषक समूह/कृषि सहकारी/निजी कृषि फर्म/कृषि उद्यमीले यो सूचना प्रकाशन भएको मितिले ३०(तीस) दिन भित्र तपशिल बमोजिमको कागजात सहित कार्यालय समयमा शाखामा प्रस्तावना पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ । तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेश नभएका प्रस्तावनाहरुलाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन । कार्यविधि भरतपुर महानगरपालीकाकको वेवसाइटवाट डाउनलोड गर्न सकिने छ । विस्तृत जानकारीको लागी कृषि तथा पशुपंछी व्यवसाय प्रवर्धन शाखामा सम्पर्क गर्न सकिने छ ।

<u>तपशिलः</u>

१) **चिस्यान सहित प्याकिङ्ग हाउस निर्माणः** लक्ष एकमुष्ठ १, बजेट रु. २० लाख (अनुदान ८५% सम्म) चिस्यान सहितको प्याकिङ्ग हाउस निर्माण गरी ताजा तरकारी फलफूलको वाली उप्रान्तको नोक्सान कम गर्ने तथा Dehumidified सिड स्टोर निर्माण गरी वाली विउको उप्रान्तको नोक्सान कम गराउने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**प्रस्तावना सहित पेश गर्नुपर्ने कागजातहरुः**

१) कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीको माग निवेदन/प्रस्ताव र निर्णयको प्रतिलिपी ।
२) कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कम्पनीको दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
३) कृषि सहकारीको हकमा अघिल्लो आ.व.को अडिट रिपोर्ट ।
४) कर चुक्ता प्रमाणपत्र/नविकरण ।
५) सम्वन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्र ।
६) सम्वन्धित वडा कार्यालय/सेवा केन्द्रको सिफारिस ।
७) स्वीकृत डिजाईन र स्टिमेट ।
८) भाडाको घरजग्गा भएमा कम्तिमा १० वर्षको करारनामा ।

२) **साना किसानलाई कृषि ऋणमा ब्याज अनुदानः** लक्ष एकमुष्ठ १, बजेट रु.४० लाख । साना किसानहरुलाई कृषि ऋणमा पहुच वढाउन, रोजगार सिर्जना गर्न, कृषि वालिको उत्पादन र उत्पादकत्व वढाउन तथा वजारीकरणमा सहयोग गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

**प्रस्तावना सहित पेश गर्नुपर्ने कागजातहरु:**

१) निवेदन /प्रस्ताव
२) वडा कार्यलयको /सेवाकेन्द्रको सिफारीस
३) कृषि ऋण सम्वन्धित अभिलेख/Bank statement
४) कृषि ऋण तथा व्याजको रकम खुल्ने कागजात

**पुनश्च:**

१) पच्चिस लाख भन्दा कम कृषि ऋण कारोवार गर्ने लाई कार्यक्रममा प्राथमिकता दिईने छ ।

२) कृषि ऋणलाई व्याज अनुदान कार्यक्रम संचालन गरेको फिल्ड भेरीफिकेसन गरे पश्चात व्याज अनुदान उपलब्ध गराईने छ । यसरी कृषि ऋणमा व्याज अनुदान उपलब्ध गराउदा पांच लाख सम्मको कृषि ऋणको लागि कुल व्याज रकमको वढिमा ५० प्रतिशत रकम अनुदान उपलब्ध गराईने छ । पांच लाख भन्दा वढिको कृषि ऋणको लागि वढीमा व्याजको दुई प्रतिशत वा एक लाख रुपैया ( रु १,००,०००)मध्ये जुन कम हुन्छ । सो रकम अनुदान उपलब्ध गराईने छ ।

३) संघ तथा प्रदेश सरकारबाट अनुदान उपलब्ध भएका अनुदान ग्राहीलाई कार्यक्रममा समावेश गराईने छैन ।

४) कृषि ऋणको व्याज अनुदान उपलब्ध गराउदा निम्न संस्थाहरु वाट ऋण लिई कारोवार गरेको कृषि उधमीहरुलाई प्राथमिकता दिईनेछ ।

क) कृषि विकास वैंक
ख) वाणिज्य वैंक
ग) लघु वित्तिय वैंक
घ) सहकारी संस्था

**३) वांजो जमिन निरुत्साहन कार्यक्रम (जमिन तयारी तथा वालि कटानीको लागि अनुदान कार्यक्रम)** लक्ष एकमुष्ठ १, बजेट रु.२५ लाख । खेती योग्य जमिन वाजो राख्न निरुत्साहन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**प्रस्तावना सहित पेश गर्नुपर्ने कागजातहरु:**

१) खेती गर्न चाहने कृषक/टोल/समुह/सहकारी/संस्थाले वडा कार्यलयमा निवेदन पेश गर्नुपर्ने छ ।
२) यस कार्यक्रम संग सम्वन्धित अन्य प्रकृया भरतपुर महानगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को दफा(१५) वमोजीम हुनेछ ।

**४) फलफुल वगैचा स्थापना** : लक्ष एकमुष्ठ १०, बजेट रु. २० लाख (अनुदान ८५% सम्म) । फलफुल वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि यस कार्यक्रम संचालन गरीनेछ । साथै यस कार्यक्रम वाट रोजगार सिर्जना तथा वातावरणलाई स्वच्छ तथा

**प्रस्तावना सहित पेश गर्नुपर्ने कागजातहरुः**

१) कृषक/कृषक समुह/सहकारी/फर्मको/विधालय/संस्थाको निवेदन
२) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
३) सहकारीको हकमा अडिट रिपोट
४) विधालयको हकमा विधालय व्यवस्थापन समितिको निर्णय
५) न्युनतम क्षेत्रफल ५ कट्ठा खुल्ने कागजात
६) जग्गाको लालपुर्जा/सम्झौता पत्र

५) **एक वडा एक फलफुल/तरकारी/पुष्प नर्सरी स्थापना :** लक्ष एकमुष्ठ २०, बजेट रु. २० लाख (अनुदान ८५ % सम्म)। फलफुल,तरकारी र पुष्प नर्सरी स्थापना गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ।

**प्रस्तावना सहित पेश गर्नुपर्ने कागजातहरुः**

१) कृषक/कृषक समुह/सहकारी/फर्मको/संस्थाको निवेदन
२) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
३) वडा कार्यलयको सिफारीस

६) **कृषकलाई विमा शुल्कमा अनुदान कार्यक्रमः** बजेट रु. १०, लाख। वाली विमा प्रवर्द्धन गरी वालीमा हुने नोक्सानी बाट कृषकलाई हुने क्षती कम गर्न यस कार्यक्रमको उद्देश्य रहेको छ।

**प्रस्तावना सहित पेश गर्नुपर्ने कागजातहरुः**

१) माग निवेदन/प्रस्ताव
२) विमा लेख
३) वडा कार्यलयको/सेवा केन्द्रको सिफारीस
४) नोक्सान भएमा सो सम्वन्धी विवरण

७) **आई पि एम कृषक पाठशालाः** लक्ष एकमुष्ठ ६, बजेट रु. ६ लाख। स्वस्थ बाली उत्पादन गर्ने, मित्र जीवको संरक्षण गर्ने र कृषकहरुलाई दक्ष बनाउने यस कार्यक्रमको उद्देश्य रहेको छ।

**प्रस्तावना सहित पेश गर्नुपर्ने कागजातहरुः**

१) माग निवेदन
२) आई.पि.एम.सहजकर्ताको तालीम लीएको प्रमाणपत्र
३) वडा कार्यलयको सिफारीस

८) **लक्षित क्षेत्र (वडा नं २९) कृषि विकास कार्यक्रम (सिड किट/सिलपाउलीन प्लास्टिक/ सिंचाई आदी) :** लक्ष एकमुष्ठ १, बजेट रु. ५ लाख। पिछडिएको क्षेत्रको कृषकको आर्थीक

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

**प्रस्तावना सहित पेश गर्नुपर्ने कागजातहरुः**

१) माग निवेदन
२) परिमाण सहित लागत अनुमान
३) वडा कार्यलयको सिफारीस

**९) माटो परिक्षण तथा माटो सुधार कार्यक्रम :** लक्ष एकमुष्ठ १, बजेट रु. १५ लाख । कृषकको खेतबारीको माटो सुधार गरी उत्पात्कत्व वृद्धि गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**प्रस्तावना सहित पेश गर्नुपर्ने कागजातहरुः**

१) माग निवेदन
२) वडा कार्यलयको सिफारीस

०८६।३।१

तेजेन्द्र प्रसाद पौडेल
(वरिष्ठ कृषि अर्थ विज्ञ, रा.प.द्वि.प्रा)
आर्थिक विकास महाशाखा प्रमुख
**उप-सचिव**